नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
जनकपुर भन्सार कार्यालय
जनकपुरधाम, धनुषा

फोन नं.: ०४१ - ५२०१६६
फ्याक्स : ०४१ - ५२०५५०
Email : janakpur@customs.gov.np

२०८३।०२।१२ प्रमुख भन्सार अधिकृत

मितिः २०८३।०२।१२

# लिलामीको ७ दिने सूचना

यस कार्यालयमा अवैध पैठारी/निकासीको अभियोगमा वादी नेपाल सरकार र प्रतिवादी बेवारीसे भएको भन्सार निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दर्ता भएको देहाय बमोजिमको मालवस्तु जे जस्तो अवस्थामा छ सोही अवस्थामा भन्सार नियमावली २०८३ को नियम ८६ को उपनियम (७) बमोजिम खुल्ला बोलकबोलद्वरा लिलाम बिक्रि गर्नुपर्ने भएको हुदाँ ईच्छुक व्यक्ति, फर्म, तथा संस्थालाई डाँक बढाबढमा भाग लिनको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन मिति २०८३।०२।१८ गते (सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन। दिनको १३:०० बजे देखि १५:०० बजे सम्म यस कार्यालयको परिसरमा डाँक बढाबढ हुनेछ । लिलाम लिन ईन्छुक फर्म/कम्पनीले अनिवार्य रुपमा आयकर, मु.अ. करको दर्ता प्रमाणपत्र, अन्तःशुल्क लाग्ने मालवस्तुको हकमा कारोबार गर्न प्राप्त इजाजत पत्र र आ.ब. २०८१/८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । डाँक बढाबढमा सबै भन्दा बढी अंक कबोल गर्ने फर्म तथा कम्पनीको कबोल रकम स्वीकृत गरिने छ ।कबोल अंक स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको मालबस्तुको मुल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (मू.अ.कर,अन्तःशुल्क। रकम समेत भुक्तानी गरी मालवस्तु उठाई लैजानु पर्नेछ । तोकिएको म्यादभित्र मालबस्तु उठाई नलगेमा भन्सार नियमावली २०८३ को दफा ८६ को उपनियम (७) मा भएको व्यवस्था अनुसार हुने व्यहोरा समेत सुचित गरिन्छ । डाक बढाबढमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम राष्ट्रिय वाणिज्य बैंक जनकपुरमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषाको धरौटी खाता नं १२२०१००१०२०३०००० मा जनकपुर भन्सार कार्यालयको कोड (३०५०३१७०१) मार्फत जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ । डाँक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आइ बुझ्न सकिने छ । यस सुचनामा उल्लेख भए बाहेक अन्य बिषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ । यो सुचना भन्सार विभागको website.www.customs.gov.np / janakpur@customs.gov.np मा समेत हेर्न सकिनेछ ।

तपसिल

| सि.नं. | दर्ता मिति | मुद्दा नं. | मालवस्तुको विवरण | प्रतिवेदन मुल्य |
|---|---|---|---|---|
| १ | २०८३।०१।२१ | ०४१० | श्रीङ्गार चुरा, चुरा ५ झोला | ७९६०० |
| २ | २०८३।०१।२१ | ०४१२ | बुट्टा बाला सारी १ पिस महिला कुर्ता सुरुवाल १३ पिस शेरा गोल्ड भेष्ट ६९ पिस बच्चाको भेष्ट १८ पिस पुरुषको | ७९१८० |
| ३ | २०८३।०१।२१ | ०४१३ | चुरा ५३ रोल Lkin Gold ३० प्याकेट कुरकुरे १ बोरा | ३१००० |
| ४ | २०८३।०१।२१ | ०४१८ | सुटको कपडा २५ थान साडी ९ थान पितामरी धोती ८ थान सुती साडी ३८ थान | १३३००० |
| ५ | २०८३।०१।२१ | ०४२० | Juice Flavour Part १ ५जर्किन (१२.५ लि) Juice | ७६२४९ |
| ६ | २०८३।०१।२२ | ०४२२ | कुर्ता सुरुवाल ४० पिस चिनी १०० के.जी. स्ट्रिङ्ग जुस २ कार्टुन | ४०५०० |
| ७ | २०८३।०१।२३ | ०४२७ | Cotton कपडा १५२ मि. | १५२०० |
| ८ | २०८३।०१।२३ | ०४३० | बाक्लो बेड सिट ९४ थान | ४७००० |
| ९ | २०८३।०१।२४ | ०४३३ | सेतो कपडा ३ रोल जेन्स अण्डर पेन्ट ६१ पिस बच्चाको भेष्ट १४ पिस जेन्स हाप पाईन्ट ४३ पिस सेण्डो ७ पिस जेन्स भेष्ट ५२ पिस साडी चोलो ७ सेट | १०५२८० |

ईति सम्वत २०८३ साल ०२ महिना १२ गते ०३ रोज शुभम्